# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र नाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३१७, ४-२६२३१८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३१६ } २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १६५५२

मिति: २०७७/०३/२२

श्री उच्च अदालतहरु सबै
श्री उच्च अदालतका अर्को इजलासहरु तथा अस्थायी इजलासहरु सबै
श्री जिल्ला अदालत सबै
श्री राजश्व न्यायाधिकरणहरु सबै
श्री बैदेशिक रोजगार न्यायाधिकरण
श्री श्रम अदालत
श्री प्रशासकिय अदालत
श्री विशेष अदालत।

**विषय: आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्य योजना निर्माण सम्बन्धमा।**

न्यायापालिकाको चौथो पञ्चबर्षीय रणनीतिक योजनाको लक्ष्य: ४ "अदालत व्यवस्थापन सुदृढीकरण" अन्तर्गत "योजना कार्यान्वयन प्रणालीलाई प्रभावकारी बनाउने" रणनीतिक उद्देश्य (४.६) ले मूल योजनाको दायराभित्र रही सबै अदालतहरुको आ-आफ्नो वार्षिक कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्थाबमोजिम सबै अदालत/न्यायाधिकरणहरुको आर्थिक वर्ष २०७७/०७८ को लागि वार्षिक कार्य योजना तर्जुमा र कार्यान्वयन गर्नका लागि आवश्यक निर्देशनसहितका ***फारामहरु*** तयार गरी सर्वोच्च अदालतको वेवसाइटमा राखिएको छ। सम्बन्धित अदालतमा इमेल मार्फत पठाइएको छ। फारमहरुमा दिइएका मार्ग निर्देशनसमेतका आधारमा योजनाले निर्धारण गरेको लक्ष्य र कार्यसम्पादन सूचकबमोजिम सम्बन्धित अदालतले आफ्नो वार्षिक कार्य योजना तयार गरी २०७७ साल श्रावण १५ गते भित्र सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा प्राप्त हुने गरी पठाउनु हुन योजना तथा अनुसन्धान समितिको मिति २०७७।०३।१९गतेको बैठकबाट भएको निर्णय अनुसार यो पत्राचार गरिएको छ। अतः पत्र प्राप्त भएपछि देहायबमोजिमको पक्रिया पूरा गरी आ-आफ्नो

सर्वोच्च अदालत

अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४, २६०५, २६०६
Email: info@supremecourt.gov.np
Email:research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np

पत्र संख्या
च.नं. १६५५२

अदालतको बार्षिक कार्य योजना तर्जूमा गरी सर्वोच्च अदालतमा पठाउनु हुन निर्णयानुसार अनुरोध गर्दछु।

देहाय:-

१. चालु आर्थिक वर्षमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को प्रभावको कारणले २०७७ साल चैत्र ७ गतेदेखि अदालत तथा न्यायाधिकरणहरुको मुद्दा फछ्यौंट लगायतका काम कारवाहीमा असर परेको हुँदा कार्य सम्पादन मूल्यांकन गर्दा २०७६ फाल्गुण मसान्त सम्मको मुद्दा फछ्यौंटलाई आधार मान्ने तर आगामी आर्थिक वर्षको वार्षिक लक्ष्य निर्धारण गर्दा जिम्मेवारी सरेकोबाट सबै र नयाँ दर्ता हुनसक्ने अनुमानित संख्याको ५० प्रतिशतले हुन आउने संख्या थप गरी वार्षिक मुद्दा फछ्यौंटको लक्ष्य निर्धारण गर्नु होला।

२. वार्षिक कार्य योजना तर्जुमाको लागि उच्च अदालत नियमावली, २०७३ को नियम १६६क. र जिल्ला अदालत नियमावलीको नियम ९९ बमोजिमको योजना तर्जुमा तथा कार्यान्वयन समितिका अध्यक्ष माननीय न्यायाधीश तथा अन्य अदालत तथा न्यायाधिकरणहरुले योजना हेर्ने माननीय न्यायाधीशको संयोजकत्वमा सबै तहका कर्मचारीहरुको सहभागितामा बार्षिक कार्य योजना तर्जुमा कार्य समिति गठन गरी उक्त समिति मार्फत आगामी आर्थिक बर्ष २०७७/०७८ को बार्षिक कार्य योजना तर्जुमा गर्नुहोला।

३. कार्य योजनामा वार्षिक तथा मासिक लक्ष्यहरु निर्धारण गर्दा जिल्ला अदालतहरुले मूल योजनाको परिच्छेद ६ अन्तर्गतको रणनीतिक उद्देश्य १.१(क) र (ख) बमोजिम मुद्दा तथा १.५ बमोजिम फैसला कार्यान्वयनको वार्षिक लक्ष्य निर्धारण गर्ने तथा उच्च अदालतहरुले रणनीतिक उद्देश्य १.१(ग) र (घ) एवम् अन्य अदालत र न्यायाधिकरणहरुले रणनीतिक उद्देश्य १.१(च) बमोजिम निर्धारित फाँरामहरुको प्रयोग गरी फाराम तयार गर्ने निर्देशनहरु

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र नाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४, २६०५, २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np

पत्र संख्या
च.नं. १६५५२

समेतका आधारमा वार्षिक लक्ष्यहरु निर्धारण गरी सोको आधारमा मासिक लक्ष्य निर्धारण गर्नुहोला।

४. आगामी आर्थिक वर्षमा नयाँ दर्ता हुन सक्ने मुद्दा वा लगतहरुको अनुमान गर्दा विगत तीन आर्थिक वर्षमा नयाँ दर्ता भएको मुद्दा वा कायम भएको लगतहरुको औसत संख्यामा न्यूनतम १५% ले वृद्धि गरी नयाँ दर्ता हुने मुद्दा, निवेदन प्रतिवेदन, फैसला कार्यान्वयनसँग सम्बन्धित कैद, जरिवाना, सरकारी विगो र फैसला कार्यान्वयनको निवेदनहरुको संख्या अनुमान गर्नु होला। साथै आफ्नो परिवेश समेतलाई विचार गरी सो भन्दा बढी प्रतिशत थप गरी नयाँ दर्ता हुन सक्ने मुद्दा र लगत अनुमान गर्न वाधा पर्ने छैन।

५. यस आर्थिक वर्षको श्रावण १ गतेदेखि जिल्ला अदालतहरुमा र भाद्र १ गतेदेखि उच्च अदालतहरुमा फरक मुद्दाका लागि फरक व्यवस्थापन पद्धति लागू हुने हुँदा आगामी आर्थिक वर्षमा नयाँ दर्ता हुने अनुमानित लगतको ५० प्रतिशतले हुने मुद्दा संख्यालाई सतप्रतिशत मानी सोको आधारमा फरक मुद्दाका लागि फरक व्यवस्थापन पद्धति अन्तरगतको सरल मार्गमा ४०%, सामान्य मार्गमा ३०% र विशेष मार्गमा ३०% पर्ने गरी लक्ष्य निर्धारण गरी मार्ग समूहका लागि निर्धारित समयभित्र मुद्दा फछ्र्यौट गर्नु होला।

६. मूल योजनाले निर्देश गरे बमोजिम वार्षिक लक्ष्य निर्धारण गरेपछि वार्षिक कार्य दिन समेतको आधारमा अदालतगत, न्यायाधीशगत, इजलासगत तथा अन्य अधिकारी र शाखाहरुको वार्षिक तथा मासिक लक्ष्य निर्धारण गरी निर्धारित लक्ष्य बमोजिम कार्य सम्पादन गर्नुहोला।

७. रणनीतिक कार्यक्रमहरुको कार्यान्वयन योजना तयार गर्दा मूल योजनाको परिच्छेद ६ अन्तर्गत "लक्ष्य तथा रणनीतिक उद्देश्यहरुको कार्यान्वयन योजना" मा समावेश भएका रणनीतिक क्रियाकलापहरु मध्ये सम्बन्धित तहको अदालत/न्यायाधिकरणसँग सम्बन्धित

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ / ४-२६२८०१, ४२५८१२२ / ४-२६२८९५, ४-२५०३१६ — २६०४ / २६०५ / २६०६
Email: info@supremecourt.gov.np
Email: research@supremecourt.gov.np
Website: www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १६५५२

क्रियाकलापहरु र सम्बन्धित अदालतले आफ्नो बस्तुस्थीति बिश्लेषणका क्रममा पहिचान गरेका रणनीतिक सवालहरु समेत समावेश गरी मूल योजनामा प्रयोग गरिएको ढाँचा बमोजिम हुने गरी कार्यान्वयन योजना तयार गरी कार्यान्वयन तथा आवधिक समिक्षा गर्नुहोला।

८. वार्षिक कार्य योजना तर्जुमा गर्दा प्रारम्भिक खण्ड, समीक्षा खण्ड, वार्षिक तथा मासिक लक्ष्य निर्धारण, लक्ष्य प्राप्तिका लागि सञ्चालन गर्नुपर्ने रणनीतिक कार्यक्रमहरुको कार्यान्वयन योजना र सोको लागि आवश्यक बजेट प्रक्षेपण गरी मूल योजनाको ढाँचामा बार्षिक कार्य योजना तर्जुमा गर्नुहोला।

९. कतिपय अदालतहरुबाट वार्षिक प्रतिवेदन तर्जुमा तथा प्रगति समीक्षा गर्दा निर्धारित फाराम बमोजिमका विवरण पूर्णरुपमा समावेश नगरी खाली पठाउने साथै कार्य योजना तर्जुमा गर्दा निर्धारित ढाँचा बमोजिम गर्ने नगरेको सन्दर्भमा कार्य योजना तर्जुमा र प्रगति समीक्षाका सम्बन्धमा देहाय बमोजिम गर्नु होला।

- मुल योजना र प्राप्त निर्देशनहरु समेतका आधारमा निर्धारित ढाँचा बमोजिम वार्षिक कार्य योजना तर्जुमा गर्नुहोला।
- लक्ष्य निर्धारण गर्दा योजनाले तोकेबमोजिमका सबै विवरण अनिवार्य रुपमा समावेश गर्नुहोला।
- गत आर्थिक वर्षको प्रगति समीक्षा अनिवार्य रुपमा कार्य योजनामा समावेश गर्ने।
- वस्तुस्थिति विश्लेषण खण्डमा कम्तिमा विगत तीन आर्थिक वर्षको लक्ष्य र प्रगतिको विवरणहरुको विश्लेषण गर्नुहोला।

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला ।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ ४-२६२८०१, ४२५८१२२ ४-२६२८९५, ४-२५०३१६ — २६०४ २६०५ २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website:www.supremecourt.gov.np


पत्र संख्या
च.नं. १६५५२

सर्वोच्च अदालत काठमाडौं

- कार्यान्वयन योजना बनाउँदा क्रियाकलाप, कार्यसम्पादन सूचक, समयावधी र जिम्मेवारी स्पष्ट रुपमा खुलाउनुहोला।
- निर्धारित वार्षिक तथा मासिक लक्ष्यहरुको आवधिक रुपमा प्रगति समिक्षा गरी समीक्षा प्रतिवेदनहरु अनिवार्य रुपमा अनुसन्धान तथा योजना महाशाखामा पठाउने गर्नुहोला आदि।

१०. वार्षिक कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरी न्यायाधीश तथा कर्मचारीको बीचमा छलफल गराई अन्तिम रुप दिई सम्बन्धित अदालतको पूर्ण बैठकबाट अनुमोदन गराई इलेक्ट्रोनिक प्रति सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाको इमेल research@supremecourt.gov.np र मूल प्रति (Hard Copy) सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखामा यथाशीघ्र पठाउनुहोला।

११. कार्य योजना तर्जुमा, गत आर्थिक वर्षको समीक्षा र वार्षिक तथा मासिक लक्ष्य निर्धारण गर्दा कुनै द्विविधा परेका अनुसन्धान तथा योजना महाशाखाको फोन नं. ०१-४२००७२२ मा सम्पर्क गर्नुहोला।

भद्रकाली पोखरेल 2066/03/22
सह रजिस्ट्रार
अनुसन्धान तथा योजना महाशाखा